नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

विगत लामो समयदेखि विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको सङ्क्रमणले सिर्जना गरेको अवस्था र आगामी दिनमा यसबाट पर्न सक्ने थप प्रभावलाई मध्यनजर गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०१/१३ को निर्णयबाट यही मिति २०७८/०१/१६ गतेदेखि लागू हुने गरी निषेधाज्ञा जारी गरेको हुँदा दैनिक अत्यावश्यक उपभोग्य वस्तुहरु यथेष्ट मात्रामा भण्डारणका साथै पर्याप्त आपूर्ति गरी वितरणको व्यवस्था मिलाउन आज मिति २०७८/०१/१५ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवहरु, काठमाण्डौं, भक्तपुर, ललितपुरका प्रमुख जिल्ला अधिकारीहरु, उद्योग/व्यवसायका छाता संगठनहरु र सम्बद्ध निकायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बस्यो। उक्त बैठकले विद्यमान अवस्थाको विश्लेषणका आधारमा देहाय बमोजिम गर्ने निर्णय गरेको छः-

- अत्यावश्यक दैनिक खाद्य वस्तु तथा सेवा सहज रुपमा उपलव्ध गराउन सञ्चालन गरिने सवारी साधनहरुले सवारी साधनको अगाडि व्यानर राखी स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्डको पालना गरी सञ्चालन गर्ने।
- उपभोक्तालाई दैनिक अत्यावश्यक खाद्य वस्तु तथा सेवा सहज रुपमा उपलव्ध गराउन र यस्ता वस्तुहरु उत्पादन गर्ने उद्योगहरु निर्वाध रुपमा सञ्चालन गर्न आवश्यक पर्ने ढुवानीका सवारी साधनहरु सञ्चालन गर्दा उद्योग/प्रतिष्ठान/व्यवसायीले उपलव्ध गराएको परिचय खुल्ने सिफारिशको आधारमा परिचयपत्र देखाएर सञ्चालन गर्ने र सवारी पासको विवरण जिल्ला प्रशासन कार्यालय र सम्बन्धित विभागमा जानकारी गराउने।
- अत्यावश्यक वस्तु तथा सेवाको उत्पादन, ढुवानी तथा वितरणसँग सम्वन्धित कामदार कर्मचारीहरुलाई आवतजावत गर्न प्रतिष्ठानको आधिकारिक परिचयपत्र र प्रयोजन खुलाई जारी गरेको पत्रका आधारमा स्थानीय प्रशासनले आवश्यक सहजीकरण गर्ने।
- अत्यावश्यक बाहेकका उद्योग/व्यवसाय/प्रतिष्ठान सञ्चालन गर्नुपरेको अवस्थामा सम्बन्धित विभागबाट अनिवार्य रुपमा अनुमति लिई स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना हुने गरी न्यूनतम जनशक्तिबाट सञ्चालन हुने व्यवस्था मिलाई सञ्चालन गर्न सकिनेछ र सोको जानकारी स्थानीय प्रशासनलाई दिनुपर्नेछ।
- अत्यावश्यक वस्तु तथा सेवा उपभोक्तालाई नियमित र सहज रुपमा उपलव्ध गराउन निजी क्षेत्रका छाता सङ्गठनहरुले आवश्यक व्यवस्था मिलाउने।

मितिः २०७८/०१/१५

नारायण रेग्मी
सहसचिव, प्रवक्ता